


## सहज मार्ग, प्राकृतिक मार्ग

सहजमार्ग ध्यानद्वारा आन्तरिक अनुभूति गर्ने एउटा व्यावहारिक आध्यात्मिक मार्ग हो । अभ्यासको लक्ष्य ईश्वर वा आत्मासँग मिलन नै हो ।

राजयोगको यो आधुनिक रुप संसारभरिनै सबै पृष्ठभूमि र संस्कृतिका व्यक्तिहरुबाट दैनिक अभ्यास गरिन्छ । यो सरल अभ्यास व्यस्त जीवनशैलीसँग सजिलैसित समायोजित गरिएको छ । जसको फलस्वरुप जीवनमा सन्तुलन, खुशी र आध्यात्मिक उन्नति श्रृजना हुन्छ ।

## ध्यान

ध्यान भनेको एउटै विषयलाई लगातार सोचीरहनु हो । सहज मार्गमा हामी हृदयमा ईश्वरीय प्रकाशमा ध्यान गर्दछौं । ध्यान गर्दा हामी प्रकाश हेर्ने वा एकाग्र हुने प्रयास गर्दैनौं । बरु हामी हाम्रो मनलाई हृदयतर्फ मोड्दै बिस्तारै प्रशिक्षित गर्दछौ र पृष्ठभूमिमा चलिरहे को अन्य विचारहरु तर्फ ध्यान दिदैनौ ।

## प्राणाहुति

सहज मार्ग ध्यान, यौगिक पद्धतिको प्राणाहुतिमा आधारीत छ , प्राणाहुति अर्थात प्राणको सूक्ष्मतम धार, गुरुबाट अभ्यासीलाई प्रदान गरिन्छ । यसले अभ्यासीको आध्यात्मिक विकासलाई तीब्र उन्नति गराउँछ जस्तो आमाको प्रेमले उनको वच्चाको विकासमा सहयोग गरे जस्तै प्राणाहुतिलाई मानवको रुपान्तरणको लागि प्रयोग गरिएको दैवी शक्तिको रुपमा व्याख्या गरिएको छ ।

*“जसरी शक्ति प्रेषण गर्न सकिन्छ, जसरी विचार प्रेषण गर्न सकिन्छ, जसरी वाणी प्रेषण गर्न सकिन्छ, त्यसैगरी आध्यात्मिकता पनि प्रेषण गर्न सकिन्छ ।”* - चारीजी

## सफाई

हाम्रो विचारहरु, क्रियाहरु र अनुभवप्रतिका प्रतिक्रियाहरु हामीमा आफ्नो छाप छोड्दछन् । यी छापहरु समयसँगै थुप्रिँदै जान्छन् हामीमाथि भार हुँदै जान्छन् र मस्तिष्कलाई अशान्त गर्दै जान्छन् । सहज मार्ग, हामीलाई भूतकालका छापहरुलाई हटाएर आफै लाई सफा गर्ने पद्धति प्रदान गर्दछ जसद्वारा गहिरो प्रवृत्ति र आचरणका विविधतालाई पनि हटाउन सकिन्छ । सफाईले अभ्यासीलाई हल्का बनाउँछ, वर्तमानमा बाच्न योग्य बनाउँछ , आफ्नो आचरण रुपान्तरण गर्न सिकाउँछ र आध्यात्मिक उन्नतिमा सहयोग गर्दछ ।

## आध्यात्मिक शिक्षक

आध्यात्मिक यात्रा अनजान प्रदेशतर्फको यात्रा हो । शिक्षक, जसलाई गुरु पनि भनिन्छ, हामीलाई मार्गदर्शन गर्न र हाम्रो सेवा गर्नका लागि हुनुहुन्छ ।

आध्यात्मिकता पर्वतारोहण जस्तै हो । शुरुमा यो ज्यादै सरल हुन्छ तर यदि तपाईंको लक्ष्य उच्चतम शिखर हो भने मार्ग झन् झनै कठिन हुँदै जान्छ । त्यसैले पर्वतारोहीहरु पर्वतारोहणको लागि पथप्रदर्शक राख्दछन् । पथप्रदर्शकलाई बाटो थाहा हुन्छ । सहजमार्गको वर्तमान शिक्षक चेन्नई, भारतका श्री पार्थसारथी राजगोपालाचारी (चारीजी) हुनुहुन्छ । चारीजी, एक गृहस्थ व्यक्ति हुनुहुन्छ, उहाँ आध्यात्मिक जीवनप्रतिको समर्पणलाई परिवार र कामको दैनिक आवश्यकतासँग सन्तुलन राख्नुहुन्छ । आध्यात्मिक मार्गदर्शनको खोजी गर्ने सबैको लागि वहाँको सेवा उपलब्ध छ ।

सहजमार्ग अभ्यासको प्रभावोत्पादकता व्यक्तिगत अनुभवबाट मात्र अनुभूति गर्न सकिन्छ । त्यसैले हामी तपाईंलाई आफै यसको अभ्यासको प्रतिफल (लाभ) अनुभव गर्न प्रोत्साहित गर्दछौं ।

*“जसरी एउटा चरालाई उड्नको लागि दुइवटा पखेटाको आवश्यकता पर्दछ, त्यसरी नै मानवलाई पनि प्राकृतिक र सन्तुलित जीवन यापनको लागि आध्यात्मिक र भौतिक पक्षको रुपमा दुईवटा पखेटाको आवश्यकता पर्दछ ।”*

बाबुजी

## अभ्यासको शुरुआत

अठार वर्ष वा सो भन्दा माथिका, सुझाव गरिए अनुसार अभ्यास गर्न इच्छा राख्ने सक्षम सबै व्यक्तिको लागि सहज मार्ग उपलब्ध छ ।

अभ्यास शुरु गर्नका लागि एक स्थानीय प्रशिक्षकसंग सर्म्पक राख्न सक्नुहुन्छ । शुरुवातको लागि न्यूनतम तीन पटक लगातार ध्यान गर्नु पर्दछ । कृपया हाम्रो वेबसाइट र सम्पर्क सूचनाको लागि यो पत्रको पछाडी हेर्नुहोस् ।

सहजमार्ग अभ्यास शुरु गर्नको लागि या यसको निरन्तरताको लागि कुनै शुल्क लाग्दैन ।

*"आध्यात्मिकताको सम्पूर्ण विचार हामीमा सुसुप्त रुपमा रहेको, हाम्रो वास्तविक व्यक्तित्व, हाम्रो स्वः पुर्नजागरण गराउनु हो ।"*

चारीजी

## अभ्यासका प्रमुख तत्वहरु

विहान, दिनको कार्य शुरु हुनुभन्दा अगाडी हृदयमा ईश्वरीय प्रकाशमा **ध्यान गर्नु** ।

साँझ वा दिनको कार्य समाप्त भएपछि, दिनभरको छाप हटाउनको लागि **सफाई गर्नु** ।

रात्री सुत्नु भन्दा अगाडी **प्रार्थना ध्यान** ।

**सामूहिक ध्यान** कम्तीमा हप्ताको एक पटक विश्वभरिका विभिन्न केन्द्रहरुमा सामूहिकरुपमा गर्न सकिन्छ । यी सत्रहरुलाई प्रशिक्षकहरुले सञ्चालन गर्दछन् जसलाई प्रीफेक्ट पनि भनिन्छ ।

प्रीफेक्टहरुद्वारा नियमित रुपले **व्यक्तिगत ध्यान,** सिटिङ्ग दिइन्छ । यी सिटिङ्गहरुले अभ्यासीमा रहेका छापहरुको गहिरो सफाईमा जोड दिन्छन् र आफ्ना मनमा उठेका शङ्का निवारण र व्यक्तिगत सहयोगको लागि अवसर प्रदान गर्दछन् ।

*"ईश्वरलाई कुनै विशेष धर्म र सम्प्रदायको आवरणभित्र प्राप्त गर्न सकिँदैन । यी कुनै निश्चित रुपभित्र समाहित छैन न त उनलाई कुनै धर्मग्रन्थमा नै खोज्न सकिन्छ । हामीले उनलाई हाम्रो हृदयको अन्तःकरणमा खोज्नुपर्दछ ।"*

बाबुजी

## श्री राम चन्द्र मिशन


विश्व मुख्यालय
बाबुजी मेमोरियल आश्रम
मणपाक्कम, चेन्नई 600 125, भारत

info@srcm.org

www.sahajmarg.org


स्थानीय सम्पर्क


© Copyright reserved Shri Ram Chandra Mission November 2009
Manapakkam, Chennai – 600 125


Nepali

## श्री राम चन्द्र मिशन

*एक अन्तर्राष्ट्रिय संस्था हो जुन सन् १९४५ मा शाहजहाँपुर, भारतका श्री राम चन्द्र (बाबुजी) द्वारा आफ्नो गुरु फतेहगढ, भारत निवासी श्री राम चन्द्र (लालाजी) का स्मृतिमा स्थापना गरिएको हो ।*

चेन्नईका वर्तमान आध्यात्मिक मार्गदर्शक श्री पार्थसारथी राजगोपालाचारी (चारीजी) को नेतृत्वमा आज यो मिशन संसारको प्रायः सबै देशहरुमा प्रतिनिधित्व भएको छ । उहाँको सेवा आध्यात्मिक मार्गदर्शनको खोजी गर्ने सबैको लागि प्राप्त छ ।

*हामी तपाँईलाई सहज मार्गको अभ्यास प्रयास गर्न र यसको फाईदाहरुलाई स्वयम् अनुभव गर्न आमन्त्रण गर्दछौं ।*